# २०८१ जेठ १७ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपाल विशेष सेवा (बिसौं संशोधन) नियमावली, २०८१ मा लोक सेवा आयोगको परामर्श माग गर्न स्वीकृति दिने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८१ साल जेठ १७ देखि १८ सम्म मङ्गोलियाको उलनबाटरमा आयोजना हुने कोलम्बो प्लानको ४८ औं बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | जर्मनीको बोनमा सञ्चालन हुने UN Climate Conference अन्तर्गतको Expert Dialogue on Mountain and Climate Change कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. अरनिको कुमार पाँडेलाई मिति २०८१ साल जेठ २१ देखि २५ सम्मसम्म सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८१ जेठ १९ देखि २४ सम्म कोलम्बियाको बोगटामा आयोजना हुने Special Jurisdiction for Peace (JEP), Bogota मा सहभागी हुन माननीय महान्यायाधिवक्ता डा.दिनमणी पोखरेल; सत्य निरुपण तथा मेलमिलाप आयोगका सचिव श्री उदय राज सापकोटा; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री फणीन्द्र गौतम र नेपाली सेनाका उपरथी जीवन प्रसाद दाहाललाई स्वीकृति प्रदान गर्ने। |
| ५ | अर्थ मन्त्रालय | एसियाली विकास बैंकको आयोजनामा फिलिपिन्सको मनिलामा मिति २०८१ जेठ २१-२२ सम्म सञ्चालन हुने Leadership Forum on 'Raising the Profile of Performance Audits' for SAI Leaders and Key Stakeholders विषयक कार्यक्रममा सहभागिताका लागि माननीय महालेखापरीक्षक तोयम रायालाई स्वीकृति प्रदान गर्ने। |
| ६ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल र चीन सरकारबिच हुने भूकम्पीय अनुसन्धानसम्बन्धी समझदारीपत्र (MOU) स्वीकृत गर्ने र उक्त समझदारीपत्र (MOU) मा हस्ताक्षर गर्न अख्तियारी दिने। |
| ७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सहसचिव श्री तारादत्त भट्टलाई नेपाल प्रत्यायन केन्द्रको कार्यकारी निर्देशक पदमा कामकाज गर्न तोक्ने। |
| ८ | गृह मन्त्रालय | प्रचलित कानूनबमोजिम इजाजतपत्र प्राप्त गरेका यात्रा अनुमति प्राप्त नगरेका हातहतियारहरू इजाजत बाहकले घर बाहिर लैजान नपाउने |

| | | |
|---|---|---|
| | | र यात्रा इजाजत प्राप्त गरेका हातहतियारसमेत तोकिएका स्थानमा लैजान नपाउने गरी निषेध गर्ने। |
| ९ | परराष्ट्र मन्त्रालय | सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै मिति २०८१ जेठ ३१ गते स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने अन्तर्राष्ट्रिय श्रम सम्मेलनको ११२ औं अधिवेशनमा भाग लिने र सोपश्चात् गर्नु हुने सङ्घीय गणतन्त्र जर्मनीको भ्रमण कार्यक्रम स्वीकृत गर्ने। |
| १० | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | १५ शय्याको अस्पताल निर्माण गर्न बनेपा नगरपालिका, काभ्रेपलाञ्चोकलाई सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ११ | वन तथा वातावरण मन्त्रालय | न्यादी जलविद्युत आयोजनाको प्रसारणलाइन आयोजनाको टावर र राइट अफ वेको विकास निर्माणको लागि लमजुङ जिल्लाको मर्स्याङदी गाँउपालिकामा रहेको राष्ट्रिय वनको २.९५१ हेक्टर जग्गा प्रयोग गर्न दिने र सो जग्गामा रहेका विभिन्न प्रजातिका रुख/पोल हटाउन स्वीकृति दिने। |
| १२ | वन तथा वातावरण मन्त्रालय | सुरी खोला जलविद्युत आयोजनाको प्रसारणलाइन निर्माण गर्नको लागि गौरीशंकर संरक्षण क्षेत्रअन्तर्गत रहेको दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका र कालिन्चोक गाउँपालिकामा रहेको राष्ट्रिय वनको कुल जम्मा २.९९३६ हेक्टर जग्गा प्रयोग गर्न दिने र सो वनमा रहेका विभिन्न प्रजातिका रूख/पोल हटाउन स्वीकृति दिने। |
| १३ | वन तथा वातावरण मन्त्रालय | साँगुखोला जलविद्युत आयोजनाको विद्युत प्रसारण लाइन आयोजना निर्माणको लागि दोलखा जिल्लाको विगु गाउँपालिका र कालिञ्चोक गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको कुल जम्मा ३.९८४३ हेक्टर जग्गा प्रयोग गर्न दिने तथा सो वन क्षेत्रमा रहेका विभिन्न प्रजातिका रुख/पोल हटाउन स्वीकृति दिने। |
| १४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | विश्वविद्यालय अनुदान आयोगको सदस्य पदमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजंग बराललाई मनोनयन गर्ने। |
| १५ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | त्रिभुवन विश्वविद्यालयको नाममा विभिन्न ठाउँमा रहेको जग्गामध्ये प्रारम्भिक चरणमा काठमाडौं उपत्यकाभित्रको जग्गाको अध्ययन अनुसन्धान तथा छानबिन एवं भवनलगायत अन्य अचल सम्पत्तिको खोज तथा लगत सङ्कलन, संरक्षण, उपयोग, व्यवस्थापन र आवश्यक अन्य कार्यका लागि अध्ययन गरी ठोस प्रतिवेदन पेश गर्न नेपाल सरकारका पूर्वसचिव श्री शारदाप्रसाद त्रितालको संयोजकत्वमा नेपाल सरकारका पूर्व सहसचिवद्वय श्री महेन्द्र |

| | | |
|---|---|---|
| | | कुमार थापा एवं श्री जानकीबल्लभ अधिकारी सदस्य, प्रा.डा. प्रेमसागर चापागाईं (त्रि.वि.) विज्ञ सदस्य र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव सदस्य सचिव रहेको एक समिति गठन गर्ने। |
| १६ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | भीमेश्वर नगरपालिका, दोलखा र जनवादी गणतन्त्र चीनको छेन्दुस्थित Dujiangyan सहरबिच भगिनी सम्बन्ध स्थापना गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| १७ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८१ जेठ २० देखि २२ सम्म सिंगापुरमा आयोजना हुने 9th World Cities Summit कार्यक्रममा सहभागी हुन काठमाडौं महानगरपालिकाका प्रमुख श्री बालेन्द्र शाहलाई स्वीकृति प्रदान गर्ने। |
| १८ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोगको सिफारिसबमोजिम सातजनालाई विभिन्न सेवा समूहका राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव वा सो सरहको पदमा नियुक्त गर्ने। |
| १९ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सूचना प्रविधि तथा साइबर सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| २० | वन (दोस्रो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने। | |
| २१ | नेपाल दूरसञ्चार कम्पनी लि.को प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधासम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०८१ स्वीकृत गर्ने। | |
| २२ | सडक दस्तुर उठाउने (कार्यविधि) नियमावली, २०८० स्वीकृत गर्ने। | |
| २३ | तिलगङ्गा आँखा विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक सङ्घीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने। | |
| २४ | नेपाल सरकारले उपलब्ध गराएको जग्गामा निजी क्षेत्रबाट पूर्वाधार विकास गर्ने गरी सिमरा विशेष आर्थिक क्षेत्रको ब्लक ए विस्तारलाई विकास तथा सञ्चालन गर्न स्वीकृति दिने। | |
| २५ | नेपाल न्याय सेवातर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा श्री खेमराज ज्ञवाली, श्री यमबहादुर बुढा मगर र श्री भद्रकाली पोखरेललाई बढुवा नियुक्त गरी क्रमशः नायबमहान्यायाधिवक्ता, न्याय परिषद्को सचिव र सर्वोच्च अदालतको रजिष्ट्रार पदमा पदस्थापन गर्ने। | |
| २६ | राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरू श्री मधुसुदन बुर्लाकोटीलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सचिव पदमा, श्री हरिप्रसाद मैनालीलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सचिव पदमा र श्री विनोदप्रकाश सिंहलाई महालेखा नियन्त्रक पदमा सरुवा गर्ने। | |